म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १३० शनिबार, ६ पुस २०८१ ने. सं. ११४५ थिलागा 21 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयाको दुई गाउँ जोड्न झोलुङ्गे पुल निर्माण सुरु

हेटौंडा, ५ पुस/मकवानपुरको बकैया गाउँपालिका १२ मा दातृसंस्थाको सहयोगमा झोलुङ्गे पुल निर्माण सुरु गरिएको छ । वडा १२ स्थित दुई गाउँ धेत्रेदमार र गोदामडाँडा जोड्ने झोलुङ्गे पुलको बिहीबार गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, वडा नं. ११ का वडाध्यक्ष गोपाल लामा र वडा नं. १२ का वडाध्यक्ष ज्ञानेन्द्र बजगाईंले संयुक्तरुपमा शिलान्यास गरेका हुन् । झोलुङ्गे पुलको शिलान्यास गर्दै गाउँपालिका अध्यक्ष लामिछानेले गाउँपालिकाले विकासमा सबै नागरिकको पहुँच पुऱ्याउन पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । एस्थरबेन्जामिन स्मृति संस्थाको ४० लाख रुपैयाँ आर्थिक सहयोग तथा गाउँपालिकाको समन्वयमा निर्माण हुने झोलुङ्गे पुल ९० मिटर लम्बाइको हुनेछ । दुई महिनाभित्रमा निर्माण पूरा गर्नेगरी सुरु गरिएको झोलुङ्गे पुल निर्माणपछि धेत्रेदमार, गोदामडाँडा र आसपासका क्षेत्रका बासिन्दा लाभान्वित हुने वडाध्यक्ष बजगाईंले जानकारी दिए ।

# हेटौंडा उपमहानगरको बजेट २० करोडले बढ्यो

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/हेटौंडा उपमहानगरपालिकाको १६ औं नगरसभा शुक्रबार सम्पन्न भएको छ । बागमति प्रदेशको राजधानी सहर समेत रहेको हेटौंडा उपमहानगरपालिकाको १६ औं सभाले बजेटको आकारलाई २० करोड रुपैयाँले बढाएको छ ।




चालु आर्थिक बर्ष २०८१/८२ को असारमा ल्याएको बजेटलाई संशोधन गर्दै शुक्रबारको १६ औं सभाले बजेटको आकार बढाएको हो । उपमहानगरको नगरसभामा उपप्रमुख राजेश बानियाँले आर्थिक वर्ष २०८१/८२ को हालसम्मको प्रगति समीक्षा एवम् संशोधित कार्यक्रम प्रस्तुत गर्दै संसोधन सहितको २ अर्व ७२ करोड रुपैयाँको बजेट पास गरेको हो । उपमहानगरले चालु आर्थिक वर्षको असारमा भएको नगरसभाले २ अर्व ५२ रुपैयाँको बजेट ल्याएको थियो ।

उपमहानगरले अनिवार्य दायित्व सृजना भएका खर्चहरु व्यवस्थापनका लागि गत असारमा पास भएका बजेटका लागि १९ करोड ९७ लाख १० हजार रुपैयाँ थप गरेको हो । श्रोत व्यवस्थापनका लागि आन्तरीक आयतर्फको ढुङ्गा गिट्टी बालुवाको 'आईई' गरी ठेक्काको चरणमा रहेको, करको दायरा बृद्धिगर्ने कार्यका लागि व्यवसाय दर्ता गराउन घुम्तीशिबिर सञ्चालन गर्ने र खर्च नहुने बजेट शीर्षकबाट श्रोत व्यवस्थापन गर्दै अघि बढ्ने निर्णय नगरसभाले गरेको छ । त्यस्तै सभाले आउँदो चैत्र मसान्तसम्म योजना सम्झौता गरी जेठ मसान्तसम्म योजना सम्पन्न गर्ने निर्णय गरेको उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले बताए ।

उपमहानगरले चालु आर्थिक वर्षमा बहुवर्षीय योजनाको भुक्तानी तथा पूर्वाधार विकास योजनाको लागि ५ करोड, सिमलटार खानेपानी योजनाका लागि ५० लाख, कार्यालयको इन्धन व्यवस्थापनका लागि १ करोड, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि २३ करोड, समुदायिक विद्यालयको इसिडि शिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहनका लागि १ करोड २२ लाख रुपैयाँ सहित बिभिन्न १२ शीर्षकमा दायित्व अनुमान गरेर बजेट संसोधन गरेको हो ।

उपमहानगरले चालु आर्थिक वर्षको मंसिर मसान्तसम्ममा संघीय समानीकरण तथा सशर्त अनुदानतर्फ ४५ करोड ८ लाख ९० हजार, प्रदेश सरकार समानीकरण तथा सर्शत र समपुरक अनुदानतर्फ ३ करोड ८ लाख ९० हजार, संघीय र प्रदेश सरकारबाट राजश्व बाँडफाँडतर्फ १४ करोड ६८ लाख ९ हजार, आन्तरीक श्रोत र गतवर्षको मौज्दातबाट २० करोड ६२ लाख १७ हजार र नगर विकास कोषबाट ऋण १ कारोड ४८ लाख ४२ हजार गरी ३२ दशमलब २३ प्रतिशत आम्दानी गरेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिबेदनअनुसार उप-महानगरले मंसिर मसान्तसम्म ४५ करोड ११ लाख ६८ हजार रुपैयाँ बिभिन्न शीर्षकमा खर्च गरेको जनाइएको छ । नगरसभाले खानेपानी, सरसफाई तथा स्वच्छतासम्बन्धी विधेयक २०८१, संघसंस्था दर्ता नियमन गर्ने सम्बन्धी विधेयक २०८१, हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन दोश्रो संशोधन विधेयक २०८१, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७७ को दोश्रो संशोधन विधेयक २०८१ सर्बसम्मत पारीत गरेको छ । नगरसभा नगर प्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा भएको हो ।

सभामा नगरप्रमुख लामाले नगरबासीको अपेक्षा धेरै भएपनि सीमित श्रोतसाधनका कारण सोचेजत्ति काम गर्ने अवस्था नभएको बताइन् । उनले अहिलेको अवस्थामा सबैको साथ र सहयोग लिएर अघि बढ्नु पर्ने जरुरी रहेको औंल्याइन् । सबै विकासका कामका लागि आर्थिक श्रोतको सुनिस्चितता जरुरी रहेपनि अहिले यो अवस्था नरहेको बताइन् । श्रोत अभावको समयलाई मूल्यांकन गर्दै विकासका योजना बनाउन जरुरी रहेको उनको भनाई थियो ।

# पालुङ सहकारी हेटौंडा सेवाकेन्द्रको साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/मकवानपुरकै ठूलो वित्तीय संस्था पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, हेटौंडा सेवाकेन्द्रको सेवाकेन्द्रस्तरीय वार्षिक साधारणसभा भएको छ ।

सहकारीका अध्यक्ष कृष्णबहादुर विष्टको सभाध्यक्षता तथा बागमती प्रदेश सहकारी संघको सदस्य, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपानेको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । साधारणसभाको अबसरमा सहकारीले पुरस्कार तथा सम्मान प्रदान गरेको छ । वरिष्ठ सदस्यहरु रामतानी विष्ट, देवकीदेवी दाहाल, रामचन्द्र आचार्य 'फुर्सती'लाई सम्मान प्रदान गरिएको सहकारीका सचिव नवराज विष्टले जानकारी दिए । मीना भण्डारीलाई न्यानो झोला, बचततर्फ नवराज खनाल, कर्जातर्फ सुजन उप्रेतीलाई पुरस्कार प्रदान गरिएको छ ।

सहकारीको आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म संस्थामा ६ हजार ५ सय ८० जना शेयर सदस्य र ४ हजार १ सय २३ जना समूह सदस्य छन् । सहकारीको शेयरपूँजी ९ करोड ९४ लाख ६६ हजार ६ सय, कुल बचत ७४ करोड ६९ लाख ९२ हजार ६ सय ९३ र ऋृण लगानी ९७ करोड ३० लाख ६२ हजार ४ सय ७८ दशमलव ७ रहेको अध्यक्ष विष्टले जानकारी दिए । संस्थाले बचत संकलन र ऋृण लगानी दुवैमा गतवर्ष लिइएको लक्ष्यभन्दा बढी सफलता हासिल गरेको जनाएको छ ।

९ पुस २०५६ मा स्थापित सहकारीले २५ वर्ष पूरा भएको अबसरमा रजतजन्यती मनाइरहेको छ । संस्थाको अहिले आफ्नो स्वामित्वमा ६-२-०-० रोपनी जग्गा रहेको छ । सहकारीले बचत तथा ऋृणको कारोबारलगायत लघुवित्त कारोवार, रासायनिक मल तथा खाद्यान्न विक्री, हाइटेक नर्सरी तथा तरकारी उत्पादन र बिक्रि सदस्यले उत्पादन गरेको तरकारी बिक्री, विशिष्टीकृत सहकारी संघमा रहेर शीतभण्डारको सञ्चालन गर्ने क्रममा विप्रेषणसेवा सञ्चालनलगायत कार्य गर्दै आएको अध्यक्ष विष्टले बताए ।

यो सहकारीलाई गत आव २०८०/८१ मा सबैभन्दा धेरै करतिर्ने सहकारीकारुपमा आन्तरिक राजश्व कार्यालय हेटौंडाले सम्मान प्रदान गरेको थियो । सहकारीको आव २०८०/८१ को व्याज आम्दानी २० प्रतिशतले वृद्धि गरी १७ करोड २० लाख रुपैयाँ पुग्ने लक्ष्य लिइएकोमा ८७ प्रतिशत मात्र लक्ष्य प्राप्ति भएको जनाइएको छ । संस्थाले व्याज आम्दानी १८ प्रतिशतले बृद्धि गरी १७ करोड ७५ लाख पुऱ्याउने लक्ष्य लिएको छ ।

कार्यक्रममा संस्थाको पूर्वअध्यक्ष तथा जिल्ला बहुउद्देश्यीय सहकारी संघ कोषाध्यक्ष पुरुषोत्तम कार्की, सहकारीको हेटौडा सेवाकेन्द्रका संयोजक तथा नारायणी यातायात व्यवसायी संघका महासचिव सरोज खनाल, सहकारीको हेटौंडा सेवाकेन्द्र समितिका सदस्य तथा हेटौडा खानेपानी बोर्डको अध्यक्ष प्रताप विष्ट, हेटौंडा सेवाकेन्द्र समितिका सदस्य गुणराज घिमिरे, राष्ट्रिय सहकारी बैंक लिमिटेड हेटौंडा शाखाप्रमुख रामेश्वर अर्याल, सेवाकेन्द्र हेटौंडाका पूर्वसदस्य विष्णु दाहाललगायतको आतिथ्यता थियो ।

# बागमतीमा २६ जना स्वयंसेवक प्रशिक्षक नियुक्तिको तयारी




साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/बागमती प्रदेश युवा तथा खेलकुद मन्त्रालय मातहतको प्रदेश खेलकुद विकास परिषद्ले खेलकुदका विभिन्न विधामा स्वयंसेवक प्रशिक्षक नियुक्तिको प्रक्रिया अगाडि बढाएको छ ।

बुधवार बसेको स्वयंसेवक छनोट निर्देशक समितिको बैठकको निर्णयअनुसार परिषद्ले विभिन्न १२ विधाका खेलकुदका लागि २६ जना स्वयंसेवक प्रशिक्षक नियुक्त गर्दैछ । परिषद्ले स्वयंसेवक प्रशिक्षकको रुपमा सूचिकृत हुन आज सूचना जारी गरेको छ । आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार स्वयंसेवक प्रशिक्षक सूचिकृत गरी छनोट गर्नुपर्ने र कार्यक्षेत्रमा खटाउनुपर्ने भएकाले सूचना जारी गरिएको प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाले जानकारी दिएका छन् ।

स्वयंसेवक प्रशिक्षकका लागि इच्छुक योग्यता पुगेका खेलसँग सम्बन्धित खेलाडीले १५ दिनभित्र व्यक्तिगत विवरणसहित निवेदन दिनुपर्ने उनले बताए । परिषद्ले करातेमा ४, उसुमा ३, एथलेटिक्समा १, तेक्वान्दोमा २, भलिबलमा १, फुटबलमा १, बक्सिङमा ३, टेबल टेनिसमा २, नेटबलमा २, व्याडमिन्टनमा २, फुलकन्ट्याक्ट करातेमा ४ र आईटिएफ तेक्वान्दोमा १ जना स्वयंसेवक प्रशिक्षक नियुक्तिका लागि निवेदन माग गरेको हो ।

प्राप्त निवेदनका आधारमा लिखित परीक्षा तथा अन्तरवार्ता मार्फत् प्रशिक्षक नियुक्त गरिने युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले जानकारी दिए । छनोट भएका प्रशिक्षक नियुक्त गरी माग भएका जिल्लामा खटाइने छ । प्रदेशका १३ जिल्लामा खेलाडी प्रशिक्षणका लागि नियुक्त भएका स्वयंसेवक प्रशिक्षक खटाइने उनले बताए । स्वयंसेवक प्रशिक्षकले सेवा गरेबापत् मासिक २२ हजार रुपैयाँ पारिश्रमिक प्राप्त गर्नेछन् ।

# उपप्रधानमन्त्री सिंह आज हेटौंडा आउँदै



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/नेपाली कांग्रेसका नेता, उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंह आज शनिवार हेटौंडा आउने भएका छन् । उनी मनहरीमा गाउँपालिका कार्यालय भवनको शिलान्यासका लागि आउन लागेका हुन् ।

नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाकाअनुसार मन्त्री सिंह आज बिहान ७ बजे हेटौंडाका लागि हिँड्ने छन् । नेपाली कांग्रेस बागमती प्रदेश समिति सभापति तथा प्रदेश सांसद इन्द्रबहादुर बानियाँसँगै मन्त्री सिंह आउने जनाइएको छ । सिंहले मकवानपुरमा आयोजना हुने विविध कार्यक्रममा सहभागिता जनाउने जिल्ला सभापति लामाले जानकारी दिएका छन् ।

मन्त्री सिंह र प्रदेशसभापति बानियाँसहितको टोलीले आज शनिवार साढे ८ बजे उत्तरीक्षेत्र स्थित थाहा नगरपालिका-९ चित्लाङमा पार्टीका स्थानीय नेता, कार्यकर्ता र जनप्रतिनिधिसँग भेटघाट गर्नेछ । साढे ९ बजे बिहान सिम्लाङमा कुलेखानीका स्थानीय नेता/कार्यकर्ता र जनप्रतिनिधिसँग भेट गर्दै खाना खाने कार्यक्रम तय भएको कांग्रेस मकवानपुरले जनाएको छ ।

मन्त्री सिंहले दिउँस १ बजे हेटौंडा हुँदै मनहरी बजार पुगेर यसक्षेत्रका प्रदेशसांसद बानियाँको जनतासँगको सम्पर्क कार्यालय उद्घाटन गर्ने भएका छन् । दिउँस २ बजे मनहरी गाउँपालिकाको प्रशासनिक भवन निर्माणको शिलान्यास सिंहबाट हुनेछ । नेता सिंहलाई सामरी पुलमा साढे ११ बजे स्वागत गर्ने तयारी पार्टी जिल्ला समितिले गरेको छ ।

स्वागतका लागि सामरी पुलमा उपस्थित हुन सभापति लामाले जिल्ला कार्यसमिति, कांग्रेसका विभिन्न तहमा जिम्मेवारीमा रहेका पदाधिकारी तथा सदस्य, कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि, भातृ तथा शुभेच्छुक संघसंस्थाका पदाधिकारी तथा सदस्यलगायतलाई अनुरोध गरेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**


# विश्वमै पहिलोपटक बनाइयो परमाणु-हिरा ब्याट्री, हजारौं वर्ष चार्ज गर्नेछ डिभाइस

विश्व जगतले एउटा निकै महत्वपूर्ण नयाँ आविष्कार गरेको छ । वैज्ञानिकहरुले विश्वमै पहिलोपटक परमाणु-हिरा ब्याट्री तयार पारेका छन् । यो ब्याट्रीले कुनै पनि सानोतिनो विद्युतीय डिभाइसलाई ५, ७३० वर्षसम्म ऊर्जा प्रदान गर्न सक्दछ ।

यो ब्याट्रीमा हिराभित्र पारमाणविक पदार्थ हालिएको हुन्छ । यसमा कार्बन १४ नामक पारमाणविक (रेडियोएक्टिभ) पदार्थ रहेको छ, जसको हाफ लाइफ ५,७३० वर्ष रहेको छ । अर्थात् यदि कुनै डिभाइस यति धेरै वर्षसम्म चल्नेहो भने यो ब्याट्रीले त्यसलाई चार्ज गर्नेछ ।

बेलायतको ब्रिस्टल विश्वविद्यालयका वैज्ञानिकहरुले विश्वको पहिलो आणविक हिरा (न्युक्लियर डायमण्ड)ब्याट्री बनाएका हुन् । यसमा रेडियोएक्टिभ अर्थात् पारमाणविक पदार्थ र हिरा मिलेर बिजुली पैदा गर्नेछ । यो ब्याट्री चलाउनका लागि कुनै खालको चालको आवश्यकता पर्दैन । अर्थात् कुनै तारभित्र चुम्बकलाई घुमाउ आवश्यक छैन ।

यो कुनै पनि पारम्परिक ब्याट्री वा बिजुली उत्पादन गर्ने यन्त्रभन्दा कैयन् गुणा उत्कृष्ट छ । यो ब्याट्रीभित्र विकिरणका कारणले इलेक्ट्रोनहरु तीव्र गतिमा घुम्दछन् । जसका कारणले विजुली पैदा हुन्छ । यो सौर्य ऊर्जाका लागि फोटोभोल्टिक सेल्सको प्रयोग गरिएजस्तै हो । जसमा फोटोन्सलाई विद्युतमा परिणत गरिन्छ ।



**सन् २०१७ मा बनाइएको थियो प्रोटोटाइप ब्याट्री**

ती वैज्ञानिकहरुले यसअघि निकेल ६३ को प्रयोग गरेर सन् २०१७ मा प्रोटोटाइप तयार पारेका थिए। तर, नयाँ ब्याट्रीलाई कार्बन १४ रेडियोएक्टिभ आइसोटोप तथा हिराको प्रयोग गरेर बनाइएको हो । उक्त पारमाणविक पदार्थलाई हिराको बीचमा राखिएको छ, जसबाट बिजुली पैदा हुन्छ ।

**विकिरण रोक्न हिराको प्रयोग**

उक्त ब्याट्रीमा कार्बन १४ को प्रयोग गर्नुको कारण चाहिं विकिरण कम तथा छोटो दूरीसम्म होस् भन्नका लागि हो । यो सजिलैसँग कुनै पनि ठोस पदार्थमा अवशोषित हुन्छ । यसबाट विकिरणको खतरा कम हुन्छ र नोक्सानी पनि कम हुन्छ । कार्बन १४ लाई सिधैं नांगो हातले छुनु हुँदैन । साथै यो कुनै कारण निलेर पेटभित्र गएमा त्यो प्राणघातक बन्न सक्दछ ।

ब्रिस्टल विश्वविद्यालयका वैज्ञानिक निल पक्सका अनुसार विश्वको सबैभन्दा कडा पदार्थ हिरा हो । त्यसैले यो ब्याट्रीका लागि हिराभन्दा सुरक्षित पदार्थ अरु कुनै थिएन । कार्वन १४ आइसोटोप चाहिं प्राकृतिक तरिकाबाटै पैदा हुन्छ । यसको प्रयोग आणविक भट्टीलाई नियन्त्रित गर्नका लागि पनि गरिन्छ ।

**आणविक ब्याट्रीमा कति क्षमता छ ?**

एउटा सामान्य अल्कलाइन एए ब्याट्री २० ग्रामको हुन्छ । यसभित्र हरेक एक ग्राम वजनमा ७ सय जुल ऊर्जा संग्रहित हुन्छ । तर, आणविक हिरा ब्याट्रीको एक ग्रामले हरेक दिन १५ जुल उर्जा पैदा गर्न सक्दछ । इवाट्ट हेर्दा यो कम लाग्नसक्छ । तर, एए ब्याट्रीको पूर्ण प्रयोग हुँदा एक दिनमै रित्तिन सक्दछ । तर डायमण्ड ब्याट्री भने हजारौं वर्षसम्म चल्दछ ।


कार्वन-१४ को हाफ लाइफ ५,७३० वर्ष छ । अर्थात् यतिधेरै वर्षमा यसले केवल आफ्नो आधा मात्रै क्षमता गुमाउँछ । यदि भविष्यमा यस पदार्थको क्षमताबाट अन्तरीक्षयान बनाइयो भने यो हाम्रो सौर्यमण्डलको सबैभन्दा नजिकको छिमेकी अल्फा सेन्टाउरीसम्म पुग्नेछ । यो तारा हामीभन्दा ४.४ प्रकाश वर्ष टाढा छ ।

**यौन स्वास्थ्य**

# के विवाहित युवा-युवतीको जीवनबाट सेक्स हराइरहेको छ ?

‘हामीले समयमै सही परामर्श नपाएको भए हाम्रो विवाह टुटिसकेको हुन्थ्यो ।’ कलंकी काठमाडौंका इन्जिनियर मनिष (नाम परिवर्तन) ले २०७० मा विवाह गरेका थिए तर सात वर्ष अर्थात् २०७७ भित्र श्रीमतीसँगको सम्बन्ध असाध्यै बिग्रिसकेको थियो ।

उनी भन्छन्, ‘सबै कुरा ठिकठाक हुँदाहुँदै पनि हामीबीच शारीरिक सम्बन्ध निकै कम हुँदै गएको थियो । यो करिब पाँच वर्षसम्म चल्यो र त्यसपछि सम्बन्धमा यसको प्रभाव देखिन थाल्यो । अन्तत: हामीले विज्ञको सहयोग लिनुपर्यो ।’ मनिष र उनकी श्रीमती दुवै जागिरे हुन् । उनीहरूमाथि जे भयो, त्यो कुनै असामान्य कुरा होइन ।



विश्वभर नै युवा दम्पतीहरू, विशेष गरी विवाहित मिलेनियल्स वा युवाहरूमा यौनप्रतिको अरुचि बढ्दै गएको देखिन्छ । सन् १९८० को दशकको सुरुवातदेखि १९९० को दशकको अन्त्यको बीच जन्मिएकालाई मिलेनियल वा जेनेरेसन वाई भनिन्छ । उनीहरूको उमेर अहिले २५ देखि ४० वर्षको बीचमा छ । यो त्यो उमेर हो जसमा मानिस शारीरिक सम्बन्धमा सबैभन्दा बढी सक्रिय हुन्छ भन्ने विश्वास गरिन्छ । यसलाई सेक्सुअल प्राइम टाइम पनि भनिन्छ । तर यो समयमा उनीहरूमा सेक्सको चाहना कम हुने प्रवृत्ति देखिएको छ ।

**सेक्समा घट्दो रुचि**

इन्डियाना युनिभर्सिटीको किन्से इन्स्टिच्युट र सेक्स टोय बेच्ने कम्पनी ‘लभ हनी’ले सन् २०२१ मा १८ देखि ४५ वर्ष उमेर समूहका अमेरिकी युवाहरूमाझ एउटा सर्वेक्षण गरेका थिए । यस सर्वेक्षणका अनुसार गत वर्ष विवाहित जोडीमा यौन इच्छा कम हुने समस्या मिलेनियलमा सबैभन्दा बढी देखिएको थियो ।

यस अनुसार, विवाहित मिलेनियल्समा २५.८ प्रतिशतलाई यौनमा कम रुचि भएको थियो जबकी उनीहरूपछिको पीढी (जेनेरेसन जेड) मा १०.५ प्रतिशत र पहिलाको पीढी (जेनेरेसन एक्स) मा २१.२ प्रतिशत देखिएको थियो । सन् १९५६ देखि १९८० को बीच जन्मिएका मानिसलाई जेनेरेसन एक्स र सन् १९९० को दशको अन्तिमदेखि २०10 को दशकको सुरुवातको बीचमा जन्मिएकाहरूलाई जेनेरेसन जेड मानिन्छ ।

मनोवैज्ञानिकले पनि पछिल्लो समय मिलेनियल्समा सेक्सप्रति वितृष्णामा वृद्धि भइरहेको बताएका छन् । कम उमेरका विवाहित जोडी विशेषगरी मिलेनियल्सले आफूमा यौन चाहना घटेको र शारीरिक सम्बन्ध निकै कम भइरहेको बताउने गर्छन् । विवाहित जोडीमा शारीरिक सम्बन्ध स्थापित गर्न निकै कम वा बन्द हुनुलाई सेक्सलेस म्यारिज भनिन्छ अर्थात् यस्ता विवाह जसमा यौन सम्बन्ध शून्य बराबर हुन्छ । विशेषज्ञका अनुसार जोडीले वर्षमा १० भन्दा पनि कम पटक यौन सम्बन्ध स्थापित गरिरहेका छन् भने यस्तो विवाहलाई सेक्सलेस म्यारिज भनिन्छ । किन्से इन्स्टिच्युटका अनुसन्धानकर्ता जस्टिन लेहमिलर भन्छन्, ‘श्रीमान्-श्रीमतीमध्ये एक वा दुबैमा यौनको चाहना कम हुन्छ भने उनीहरुबीच शारीरिक सम्बन्ध कम बन्न थाल्छन् । यौन चाहनामा आएको यो कमीले विवाहलाई सेक्सलेस बनाउन सक्छ ।’

**किन बढ्दै छ “दूरी”**

अमेरिकाको क्यालिफोर्नियाकी सेक्स थेरापिस्ट क्रिस्टिन लोजानो भन्छिन्, ‘इच्छामा असन्तुलन यस्तो विषय हो जसलाई ख्याल गरिएन भने यो समयसँगै बढ्दै जान्छ । यदि कसैले बारम्बार पहल गर्छ र उसको पार्टनरले उसलाई अस्वीकार गरिरहन्छ भने उसको आत्मसम्मानमा चोट पुग्छ । यस्तै, अस्वीकार गर्ने पार्टनरलाई पनि पछुतो हुनेछ । जसका कारण यौन उत्तेजना पनि प्रभावित हुने अवस्था सिर्जना हुन्छ ।’ उनी भन्छिन्, ‘सेक्सलाई असम्भव, पीडादायी, अप्ठ्यारो वा अप्रिय बनाउने अन्य मेडिकल वा मनोवैज्ञानिक कारणहरू छन् । व्यस्तता, कामको बोझ र सन्तानले पनि यौन सम्पर्कलाई कम गर्न सक्छ । पति-पत्नीले एक अर्काको इच्छाको कुरा नगर्नु पनि एउटा कारण हो ।’ यस्तो समस्या एउटै पुस्ताले मात्र भोग्नुपरेको होइन । तर विज्ञहरूले यो मामिलामा ठुलो परिवर्तन देखिरहेका छन् ।

सान फ्रान्सिस्कोमा २० वर्ष सेक्स थेरपिस्टको रूपमा काम गर्दै आएकी सेलेस्ट हर्शम्यान भन्छिन्, ‘पहिला विवाहको १०-१५ वर्षपछि शारीरिक सम्बन्धमा कमी आउँथ्यो तर पछिल्लो समयमा तीनदेखि पाँच वर्षमा नै यस्तो भइरहेको छ ।’ यही कुरालाई अघि बढाउँदै विगत ३० वर्षदेखि सेक्स थेरपिस्टको रूपमा काम गरिरहेकी र क्यालिफोर्निया विश्वविद्यालयका मनोचिकित्सक सहायक प्राध्यापक किम्बर्ली एन्डरसन भन्छिन्, ‘३० वर्षअघि ५० वर्षभन्दा माथिका मानिस यस्तो समस्या लिएर म कहाँ आउने गर्दथे जसको उमेरसँग सम्बन्धित रोगहरू वा हर्मोनल परिवर्तनहरूका कारण यौन इच्छा कम हुन्थ्यो । तर आजकल ४५ वर्ष मुनिका जोडीको विवाह पनि यौनविहीन बन्दै गएको छ ।’

**थुप्रै प्रकारका दबाब**

अमेरिकाको किन्से इन्स्टिच्युटका अनुसन्धानकर्ता जस्टिन लेहमिलर भन्छन्, ‘अत्यधिक तनावले यौन इच्छामा पनि गहिरो प्रभाव पार्छ र मिलेनियल्सले आफ्नो अघिल्लो पुस्ताको तुलनामा बढी तनावको सामना गरिरहेका छन् ।’ यी तनावका पनि धेरै कारण छन् । जस्तै कि बेलायतको काउन्सिलिङ नेटवर्क ‘रिलेट’ को सन् २०१८ मा गरिएको एक शोधमा भनिएको छ - ३० देखि ४० वर्ष बीचका उमेरका ६१ प्रतिशत मानिसले आफ्ना साना बच्चाको हेरविचारका कारण आफूहरूले यौन सम्पर्कका लागि समय नपाएको बताएका छन् । यस्तै ३१ प्रतिशतले बच्चा जन्मिएपछि उनीहरूको यौन इच्छा पूर्ण रूपमा नष्ट भएको स्वीकार गरेका छन् ।’

यसबाहेक मिलेनियल्समा करियरमा सफल हुन र आर्थिक रूपमा बलियो हुने दबाब पनि रहन्छ । कामको बोझका कारण पनि उनीहरुले तनावमा सामना गर्नुपर्छ । ग्लोबल कन्सल्टिङ कम्पनी ‘डेलाइट’ द्वारा पाँच देशमा गरिएको एक अध्ययन अनुसार ३८ प्रतिशत मिलेनियल भन्छन् कि उनीहरूमाथि कामको असाध्यै दबाब रहन्छ । यो तनाव झेल्नमा पुरुष (३६ %) को तुलनामा महिला (४१%) को संख्या बढी छ ।

**साहित्य**

कथा

# हाम्रा हजुरबा



✍ समिदा श्रेष्ठ
कक्षा-३, नवोदय शिशु सदन

एक दिनको कुरा हो, आरुस र आस्नि रमाएर फुटबल खेलिरहेका थिए । खेलका बीचमा, आस्निले फुटबललाई धेरै बेस्करी हानी र फुटबल हरायो । उनीहरूले निकै समयसम्म फुटबल खोज्ने प्रयास गरे तर त्यहाँ कुनै फुटबल पाइएन । एकजना सहयोगी हजुर बुबा आएर उनीहरूले के भएको थियो, सबै कुरा बुझेर भने, “तिमीहरू चिन्ता नलिउ । म नयाँ बल ल्याइदिन्छु ।” हजुरबुबाले आफ्नै खुसी मनले उनीहरूलाई नयाँ बल किन्नका लागि केही पैसा दिनुभयो । त्यो महिना हुँदै वर्षहरु बिते । उनीहरु दुई जनासँग लाखौं रुपैयाँ भयो अब ।

आरुसले एकदिन भन्यो, “तिमीलाई याद छ, हामी सानो हुँदा हाम्रो हजुरबुबाले हामीलाई बल किन्न कति धेरै पैसा दिनुभएको थियो । अहिले उहाँ कहाँ हुनुहुन्छ होला है ?”

त्यसपछि उनीहरूले हजुरबुबालाई खोज्न थाले । लामो समयको खोजी पछि, उनीहरूले एक अजीब दृश्य देखे । हजुरबुबालाई बाटोमा केही व्यक्तिहरुले पिटिइरहेका थिए । केही चोरहरूले हजुरबुबालाई गाली गर्दै अपमानित गर्दै थिए । आरुस र आस्नि यो दृश्य देखेर चकित भए ।

आरुसको मनमा ठूलो चोट लाग्यो । उनले ती चोरहरूको सामना गर्नका लागि तत्काल आफ्नो साथीहरूलाई बोलाए । “हजुरबुबा भनेका हाम्रो सम्पत्ति हुन्, हामी उनीलाई बचाउनुपर्छ !” भनेर आरुसले आफ्नो निर्णय सुनायो । त्यसपछि उनी र आस्निले छिटो-छिटो आफ्ना परिवारका सदस्य र साथीहरूलाई सङ्गठित गरेर चोरहरूको समूहलाई लखेट्न सुरू गरे ।

चोरहरूको सामना गर्न गाह्रो भए तापनि आरुस र आस्निको साहस र बलले अन्तत: उनीहरू पराजित भए । हजुरबुबालाई उनीहरुले आफ्नै घरमा ल्याए । उनीसँग पुन: मिल्ने अवसर पाए । हजुरबुबाले आरुस र आस्निलाई देखेर भन्नुभयो, “तिमीहरू आज मेरो जीवनको साँचो धरोहर बनिसकेका छौ ।”

अन्तत: आरुस र आस्नि हजुरबुबासँगै खुसीसँग बसे । उनीहरूको जीवनमा यो साहसिक घटना सधैं सम्झनायोग्य बन्यो ।

कविता

## महसुस गरेको थिएँ

✍ रोज कार्की

सत्यता थियो वा भ्रम
मिठो सपना थियो वा यथार्थता बोकेको
बिहानी,
प्रेम थियो वा घृणा
खुसी थियो वा रोदन,
मिलन थियो वा बिछोड
यी अनन्त अविछिन्न
एहसासहरुको महसुस त
मैले गरेको थिएँ ।

तिमी हुँदाको त्यो उमङ्ग
तिम्रो छेउमै भइरहन चाहने यो मन
तिमीलाई लुकीलुकी हेर्ने यी आँखा
तिम्रो मुखारबिन्दुबाट निस्केका
केही थान शब्दहरु
सुन्न आतुर रहने यो मन
तिम्रो स्पर्शको
अनुभूति गर्न बेजोड
धड्किएको यो धड्कन,
यादहरुको बगैंचामा डुबेको भावनाको गहिराई होस्
वा
मन भासिएको वेला छल्किएका आशुँको लम्बाई
महसुस त मैले गरेको थिएँ ।
मोबाइलको रिङ्गटोन बज्दा
तिम्रो फोन आएको एकिन
तर
फोन हेरिसकेपछिको मेरो अनुहारको त्यो नैराष्यता
तिमीले भन्ने गर्थ्यौ महसुस
एक मिठो भ्रम पनि त हुन सक्छ
नि
सायद आज म भ्रम मै बाँचिरहेको छु ।
तिम्रो याद्को गहिराईंमा छल्किएका ती आँसु
तिम्रो पर्खाइमा बिताएका रात र दिनहरु
सबै कुरा ज्ञातको बाबजुद पनि
तिम्रो आभासको लागि तड्पिरहने यो मन
यी सबै पल,
एक पल,
हरेक पल,
पल पल को महसुस त
मैले गरेको थिएँ ।

कविता

## एउटा समय

✍ प्रकाशचन्द्र खतिवडा


एउटा समय
विश्वासका हातहरू हल्लाउनुपर्ने
आफ्नै सिरानेमुनि
समय
गुजुल्ट्याउँदा/ गुजुल्ट्याउँदा
ओछ्यानभरि
ढुसी उठेर
समय दुर्गन्ध फ्याँकिरहेछ
कोठाभरि बाफिएर
ढोका घचघच्याउँदै ।

उहिल्यै
समय गोजीभित्र पसेको थियो
म डराएर भागेको थिएँ
सूर्य हरेक बिहान झुल्कन्छ
बेलुकैपिच्छे अस्ताउँछ
म
मध्याह्नमा समय खोज्न बाहिरिन्छु
समय फुत्किसकेको हुन्छ ।

चाउरिएका अनुहारहरू फक्रन नपाउँदै
दिनहरू चिप्लिएर
गरुङ्गो पदचापसहित
हराएका विश्वासहरू
मौन जुलुसका साथ
म
डरलाग्दा रातहरूमा
आफ्नै सिरानेमुनि
आफैंले गुमाएको समय
निरन्तर खोजिरहेछु ।

कविता

## जिन्दगी कहीँ-कतै



✍ रविन परियार

जिन्दगी कहीँ-कतै अल्झिरहेजस्तो
गाँठाहरूमाझ गाँठो परिहरेजस्तो
पहाड हेरुँ विश्वासहरूको चाङहरू
नदी हेरुँ अपेक्षाहरूको बहावजस्तो
जिन्दगी न खोलाजस्तो न नदीजस्तो ।

रहस्यका पत्रहरू उप्किरहन्छन् हरेक बिहान
रहस्य रहस्यमय रहँदैन साँझसम्म
साँझले बिहान देखाउँछ
बिहानले साँझ देखाउँछ
सूर्यको प्रकाशले जीवन देखाउँछ
जीवनले मृत्यु देखाउँछ
न जीवन देखिन्छ न मृत्यु देखिन्छ
बाघचालका बाघ र बाखाझैँ
कहीँ थुनिन्छ, कहीँ सकिन्छ
र फेरि अर्को विश्वास पलाउँछ

जिउनका लागि सास चाहिन्छ कि साहस !
बग्नका लागि पानी चाहिन्छ कि जमिन !
जिन्दगी कहिले समथर मैदानमा विश्राम गर्छ
कहिले अनकन्टार टाकुरा चढ्ने हिम्मत गर्छ
सागरको फेदमा डुबिरहेको जिन्दगी
कहिले आकाशभन्दा माथि-माथि उडिरहन्छ
जिन्दगी कहीँकतै हिँडिरहेजस्तो
उडिरहेजस्तो
डुबिरहेजस्तो
बगिरहेजस्तो
जमिरहेजस्तो
घाउ पुरिन लाग्छ फेरि उप्काउँछ समयले
जिन्दगी बल्झिरहने घाउजस्तो ।

नयाँ-नयाँ बिहानका लागि तयार जिन्दगी
पुराना-पुराना रातका लागि तयार जिन्दगी
जिन्दगी कहीँ-कतै अल्झिरहेजस्तो
गाँठाहरूमाझ गाँठो परिरहेजस्तो
स्वादिलो कविताजस्तो जिन्दगी
रहस्यका क्यानभासमा
चित्रित सुन्दर, असुन्दर
कहीँकतै स्वतन्त्र चराजस्तो
जिन्दगी कहीँ-कतै अल्झिरहेजस्तो
सुवास छर्दै वरिपरि पल्टिरहेको
नयाँ किताबको पानाहरू जस्तो ।

**चित्रकला**





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

नेपाल प्रिमियर लिग

# हजारौं दर्शकमाझ बहुप्रतीक्षित फाइनलका लागि दुवै कप्तान तयार

काठमाडौं / नेपाल प्रिमियर लिग एनपीएल क्रिकेटको फाइनल खेल शनिबार हुँदैछ । त्रिवि क्रिकेट मैदानमा दिउँसो साढे १२ बजेदेखि सुरू हुने फाइनल खेलका लागि नेपाली क्रिकेट समर्थकहरूमाझ उत्साह भने धेरै अगाडिदेखि नै हुनेछ । मैदान बाहिरका लाखौं र मैदानभित्रका हजारौं क्रिकेट समर्थकको उत्साहका बीच शनिबारको बहुप्रतीक्षित खेलपछि एनपीएलको ऐतिहासिक प्रथम संस्करणको विजेताको टुङ्गो लाग्ने छ ।




खेल सुरू हुनुभन्दा करिब ३६ घण्टा अगाडि नै फाइनल खेलको जनरल टिकट सोल्ड आउट भइसकेको थियो । सुदूरपश्चिमको खेलमा अन्य बेलामा पनि उल्लेख्य रूपमा धेरै समर्थकहरूको मैदानमा उपस्थिति हुने गरेको छ । शनिबार फाइनल त्यसमाथि पनि बिदाको दिन परेकाले फाइनलको दिन त्रिवि क्रिकेट मैदान 'फूल-प्याक' हुने कुरा पक्कापक्की छ ।

फाइनल खेलको अघिल्लो दिन आयोजित पत्रकार सम्मेलनमा सुदूरपश्चिमका कप्तान दिपेन्द्र सिंह ऐरी र जनकपुरका कप्तान आसिफ शेख दुवैले हजारौं दर्शकमाझको यस फाइनल खेलका लागि तयार रहेको बताए । मैदानमा दर्शकको उपस्थितिले ऊर्जा र मोटिभेसन मिल्ने दुवैको साझा धारणा थियो ।

राम्रो तालिम भइरहेको बताउँदै सुदूरका कप्तान दिपेन्द्रले जनकपुरलाई लिग चरणमा दुईपटक हराएको भएपनि हल्का रूपमा लिन नहुने बताए । 'जनकपुरको टिम पनि राम्रो छ, टफ नै हुन्छ । हामी जुन प्लानिङ गर्दै खेलिरहेका छौं त्यसैगरी फाइनलको लागि पनि तयारी गरि रहेका छौं' दिपेन्द्रले भने ।

जनकपुरका कप्तान आसिफले सुदूरपश्चिम बलियो टोली रहेको बताउँदै पछिल्ला खेलमा आफूहरूले बेस्ट दिन नसकेको उल्लेख गरे । जित्नु छ भने आफ्नो बेस्ट दिनुपर्छ, दुई खेल खेल्दा पनि बेस्ट दिएका छैनौं, शनिबारको खेलमा उत्कृष्ट खेल्ने प्रयास रहनेछ, कम्पिटेटिभ हुनेछ गेम' उनले भने, 'हामी प्रोसेसलाई फलो गर्दै जाने हो, खेलाडीहरूलाई ब्याक गरिराख्छौं अनि हौसला पनि दिइरहेका छौं।'

पछिल्ला दुई खेलमा व्यहोरेको हारलाई सम्झनुभन्दा पनि आफूहरूले राम्रो क्रिकेट खेल्ने र सकेको बेस्ट प्रदर्शन गर्ने आसिफको भनाइ थियो । 'पछिल्ला हारको बदला लिनेभन्दा पनि आफुले उत्कृष्ट प्रदर्शन गर्ने हो । नतिजा जे भएपनि मैदानबाट बाहिर आउँदा सबैसँग जेजति छ त्यो सबैले आफ्नो बेस्ट दिएको महसुस हुनुपर्छ' उनले भनेका छन् ।

पछिल्ला खेलमा ब्याटिङमा समस्या देखिएको बताउँदै उनले फाइनलमा कमजोरी सुधार्ने प्रयास रहने बताए । 'पछिल्ला दुई खेलमा आफ्नो बेस्ट खेल दिन सकेका छैनौं । आशा छ शनिबारको फाइनलमा हामी आफ्नो बेस्ट दिने कोसिस गर्ने छौं', आसिफले थपे ।

टिममा अनुभवीसँगै राम्रा युवा खेलाडी भएको भन्दै आसिफले फाइनल खेलमा ब्याटिङबाट एउटा राम्रो सुरूवात दिलाएर फिनिसरहरूलाई राम्रो प्लाटफर्म शेट गर्ने कुरामा आशावादी रहेको बताए । 'हामीसँग यू-१९ खेलेका राम्रा ब्याटर छन्, म आफैं पनि टप अर्डरमा छु । त्यसैले एउटा राम्रो सुरूवात दिएर फिनिसङका लागि अन्तिम ४ ओभरमा खेल्न राम्रो शेटअप गराउन जरूरी छ' आसिफले भने ।

प्रतियोगितामा विदेशी खेलाडीहरू बढी चलेको कुराबारे कुरा गर्दै आसिफले भने, 'सकेसम्म नेपाली खेलाडीहरूले राम्रो खेलुन् भन्ने पनि हो । विशेषगरी नेपाली घरेलु खेलाडीहरूले खेल जिताऊन् भन्ने हो।'

दिपेन्द्रले पनि फाइनल खेलमा दबाब नलिइकन खेल्नुपर्ने र आफ्नो तर्फबाट बेस्ट दिनुपर्ने बताए । 'फाइनल हो, जित र हार आफ्नो ठाउँमा छ । दुईमध्ये एक टिमले मात्र जित्ने हो फाइनल, आफ्नो तर्फबाट शतप्रतिशत दिनुपर्छ भन्ने कुरा हो', उनले भने ।

विशेषगरी यी दुई टोली बीचको खेलमा दर्शकहरूको पनि उल्लेख्य संख्यामा उपस्थिति हुने गरेको छ । मैदानमा दर्शकको यस्तो उपस्थिति हुनु समग्र नेपाली क्रिकेटकै लागि राम्रो भएको दुवैले बताएका थिए ।

'दर्शकहरूको उपस्थितिलाई हामीले मोटिभेसनको रूपमा लिएका छौं कुनै प्रेसरको रूपमा लिएका छैनौं । उहाँहरूले समग्र नेपाली क्रिकेटकै लागि माया देखाइरहनुभएको छ त्यो हामी सबैको लागि एउटा सकारात्मक पक्ष हो', आसिफले भने ।

दिपेन्द्रको भनाइ पनि त्यस्तै थियो । उनले पनि दर्शकको उपस्थिति भनेको मोटिभेसनकै रूपमा रहने बताए । 'मोटिभेसन नै हो, सुदूरपश्चिमको समर्थनमा त धेरै नै देखिनुभएको छ त्यसका लागि धेरै धन्यवाद भन्न चाहन्छु, फाइनलमा पनि यस्तै समर्थन अवश्य हुनेछ', दिपेन्द्रले भने ।

आसिफले यो लेभलमा खेल्नका लागि सबै खेलाडीहरूको मनोबल उच्च हुनुपर्ने बताए । 'यो लेभलको क्रिकेटमा लागि सबैजना मेन्टल्ली स्ट्रङ हुनुपर्छ, जुनसुकै परिस्थितिमा पनि एडाप्ट हुन सक्नुपर्छ, त्यो खुबी भएका प्रतिभावान् खेलाडीहरू हामीसँग छन् त्यसकारण नै यो स्टेजमा खेल्न सबैले डिजर्भ गरेका छन्' उनले भने, 'ब्याटिङमा क्लिक हुन मात्र नसकेको हो त्यसैले हामीले सबै खेलाडीहरूलाई ब्याक गर्दै हौसला दिइरहेका छौं।'

आफ्नो व्यक्तिगत प्रदर्शनबारे कुरा गर्दै आसिफले व्यक्तिगत भन्दा पनि टिमका लागि राम्रो प्रदर्शन गर्दै ब्याटिङ र फिल्डिङबाट सक्दो राम्रो प्रदर्शन गर्न सकूँ भनेर सोच्ने गरेको उनले बताए । 'कहिलेकाहीं मिहिनेत गर्दागर्दै पनि सोचेको जस्तो भइरहेको हुँदैन, आफूले सकेको योगदान भने दिने प्रयास गरिराख्नुपर्छ', आसिफले भने । खेलको विजेता जो भएपनि अन्तिममा नेपाली क्रिकेटकै जित हुने उनले बताए ।

'सबैले आ-आफ्नो टिमलाई समर्थन गर्नुभएको छ, समग्र नेपाली क्रिकेटलाई पनि समर्थन यो, घरबाटै पनि समर्थन गर्न सक्नुहुन्छ । जहाँ भएपनि क्रिकेटसँगको कनेक्सन हुनु महत्वपूर्ण हो । आउने जतिले गेम इन्जोए गर्नुहोला, झगडा नगरिदिनुहोला', दिपेन्द्रको पनि भनाइ थियो ।

सुदूर र जनकपुर प्रतियोगितामा तेस्रोपटक भिड्न लागेका हुन् । यसअघि लिग चरणमा भएको भेटमा सुदूरले जनकपुरलाई ५१ रनमा अलआउट गर्दै ७२ रनको फराकिलो जित निकालेको थियो । त्यसैगरी पहिलो क्वुवालिफायरमा जनकपुर माथि ८ विकेटको जित निकालेर सुदूर सोझै फाइनलमा पुगेको थियो । अब तेस्रो भेटमा सुदूरले दबदबा कायमै राख्ला वा जनकपुरले कमब्याक गर्दै एनपीएलको पहिलो उपाधि आफ्नो पोल्टामा पार्ला ? त्यो हेर्न अब धेरै कुर्नुपर्ने छैन ।

*(स्रोत: अनलाइनखबर)*

# चोरबाटोबाट सहकारीलाई बैंक बनाउने कानुन बनाउँदै सरकार

काठमाडौं / सहकारी संस्थाहरूलाई चोरबाटोबाट बैंकमा रूपान्तरण गर्ने नियतसाथ सरकारले सहकारी नियमन सम्बन्धी कानुनको मस्यौदा तयार पारेको छ । सहकारी मन्त्रालयले तयार गरेको 'वित्तीय सहकारी नियमन तथा सुपरीवेक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' को मस्यौदामा सहकारी संस्थालाई बैंकहरूले गर्ने सबै काम गर्न अनुमति दिने प्रस्ताव गरिएको छ ।




नेपाल राष्ट्र बैंकले करिब दुई दशकदेखि बैंक तथा वित्तीय संस्थाको अनुमतिपत्र दिएको छैन । पछिल्लो समय चीरञ्जीवी नेपाल गभर्नर हुँदा लघुवित्त संस्थाको लाइनसेन्स बाँडिएको थियो । राष्ट्र बैंकले बैंकको लाइसेन्स दिन बन्द गरेको अवस्थामा कतिपय सहकारी संस्था बैंकले गर्ने जस्तै काम गरिरहेका थिए, जुन सहकारी ऐन विपरीत हुने गर्छ ।

सहकारी ऐन अनुसार सहकारी संस्थाले आफ्ना सदस्यबाट मात्रै निक्षेप लिन पाउँछन् भने सदस्यलाई मात्रै ऋण दिन पाउँछन् । त्यस अतिरिक्त कम्पनीलाई ऋण दिन पाउँदैनन् । यसरी सहकारी मूल्य मान्यतामा नबसेका सहकारीमा अहिले ठूलो समस्या आएको छ । तर, सहकारी क्षेत्रको समस्या समाधान गर्ने र वित्तीय सहकारी नियमन गर्ने उद्देश्यले ल्याउन लागिएको दोस्रो तहको नियामक सम्बन्धी कानुनको मस्यौदामा भने त्यस्तै गैरकानुनी कामलाई वैधता दिन खोजिएको हो ।

प्रस्तावित विधेयकको दफा ३३ मा वित्तीय सहकारीको न्यूनतम सेयर पूँजी र त्यस्तो वित्तीय सहकारीले सञ्चालन गर्ने कारोबारको प्रकृति तथा कार्यक्षेत्रका आधारमा 'क', 'ख' वा 'ग' वर्गमा वर्गीकरण गर्ने उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थालाई पूँजीका आधारमा वर्गीकरण गरेकै जस्तो सहकारीको पनि वर्ग छुट्याउने प्रस्ताव प्रस्तावित विधेयकमा गरिएको छ । त्यतिमात्र होइन, 'क' वर्गमा वर्गीकरण भएका सहकारीले गर्न पाउने कामको सूची हेर्दा वाणिज्य बैंकले गर्न पाउने कामभन्दा फरक देखिन्न । विदेशी बैंक तथा वित्तीय संस्थाको जमानतमा कर्जा दिर्ने तथा एलसी खोल्ने लगायत केही कामबाहेक वाणिज्य बैंकले गर्ने सम्पूर्ण काम 'क' वर्गका वित्तीय सहकारीलाई दिन प्रस्ताव गरिएको छ । प्रस्तावित विधेयकको दफा ४२ मा 'क' वर्गको सहकारीले ब्याज वा बिनाब्याजमा बचत स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरण मार्फत बचत परिचालन गर्ने र तिनको भुक्तानी दिने भन्ने उल्लेख छ ।

त्यस्तै विद्युतीय उपकरण वा साधनका माध्यमबाट सदस्यको बचत स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने काम पनि वित्तीय सहकारीले गर्न पाउने प्रस्ताव गरिएको हो । त्यसैगरी हायर पर्चेज, लिजिङ, हाउजिङ, अधिविकर्ष लगायत कर्जा दिने अधिकार पनि वित्तीय सहकारीलाई दिन प्रस्ताव गरिएको छ ।

परियोजना तथा हाइपोथिकेसन धितो राखी कर्जा दिने एवं सहवित्तीयकरणका आधारमा धितो विभाजन (पारिपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रूपमा कर्जा दिने-दिलाउने व्यवस्था गर्ने व्यवस्था पनि सहकारी नियमन सम्बन्धी प्रस्तावित कानुनमा उल्लेख छ । कुनै कम्पनीको भण्डारमा रहेको सामान धितो मानी दिइने हाइपोथिकेसन धितो कर्जा वाणिज्य बैंकबाहेक अन्य बैंकले पनि दिन पाउँदैनन् । तर, आफ्ना सदस्यको गाह्रोसाह्रोमा सघाउने उद्देश्य रहेका सहकारी संस्थालाई यस्तोसम्मको कर्जा दिन पाउने व्यवस्था प्रस्ताव गरिएको छ ।

यसका साथै, आफूकहाँ पहिले नै धितो रहिसकेको चल-अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम कर्जा दिने वा अन्य वित्तीय सहकारीमा धितो रहिसकेको चल-अचल सम्पत्तिको पुन: धितोमा त्यसको मूल्यले खामेसम्मको रकम कर्जा दिने अधिकार पनि 'क' वर्गका सहकारी संस्थालाई दिन प्रस्ताव गरिएको छ ।

आफ्ना सदस्यका तर्फबाट जमानतपत्र जारी गर्ने र त्यसबापत सदस्यसँग आवश्यक सर्तनामा गराउने, निजको चलअचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने र धितोबन्धक, सुरक्षणमा लिएको सम्पत्ति प्राप्त गर्ने, धारण गर्ने तथा त्यससम्बन्धी अन्य कारोबार गर्न पाउने व्यवस्था पनि उक्त कानुनमा गर्न खोजिएको छ । साथै, आवश्यकता अनुसार प्राधिकरणबाट पुनर्कर्जा लिने वा अन्य वित्तीय सहकारीबाट कर्जा लिने दिने, परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकाय मार्फत प्राप्त भएको रकमबाट कर्जा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने अधिकार पनि 'क' वर्गका सहकारीलाई दिन प्रस्ताव गरिएको छ ।

त्यस्तै, 'ख' वर्गका सहकारी संस्थाले विकास बैंक तथा वित्त कम्पनीले गर्न पाउने जस्तै अधिकार दिन प्रस्ताव गरिएको छ । यस्ता सहकारीले हायर पर्चेज, लिजिङ, हाउजिङ लगायत कर्जा दिने, अन्य वित्तीय सहकारीसँग मिली सहवित्तीयकरणका आधारमा धितो विभाजन (पारिपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रूपमा कर्जा दिने, आफ्नो चलअचल सम्पत्ति धितो राखी कर्जा लिनेजस्ता अधिकार 'ख' वर्गका सहकारी संस्थाले प्रयोग गर्न पाउने प्रस्ताव गरिएको छ ।

विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरण जारी गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउन्ट गर्ने वा खरिद-बिक्री गर्ने, प्राधिकरणको स्वीकृति लिई विदेशी मुद्रा कारोबार गर्ने अधिकार पनि 'ख' वर्गका सहकारीलाई दिने प्रस्ताव गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# बैशाख १९ मा 'झिल्को' रिलिज हुने, आमाको भूमिकामा हुन् वर्षा ?







काठमाडौं / अभिनेता सुनील पोखरेलको १३ वर्षपछिको कमब्याक फिल्म 'झिल्को'को प्रदर्शन मिति परिवर्तन भएको छ । पुष ५ गतेलाई प्रदर्शन मिति तोकिएकोमा अब आगामी बैशाख १९ गतेबाट फिल्म प्रदर्शन हुने बिहीबार पोस्टर सार्वजनिक गर्दै जानकारी गराइयो । केही प्रतिशत छायांकन बाँकी रहेकाले पूर्वघोषित मितिमा फिल्म रिलिज गर्न नसकिएको निर्देशक यादवकुमार भट्टराईले बताए ।

नयाँ प्रदर्शन मितिसहित सार्वजनिक दुईवटा पोस्टरले पात्रहरुको मनोविज्ञान दर्शाउँछ । एउटा पोस्टरमा अभिनेत्री वर्षा सिवाकोटी काखमा बच्चा च्यापेर भावुक देखिएकी छन् । यसले फिल्ममा उनी आमाको भूमिकामा रहेको बुझाउँछ । अर्को पोस्टरमा सुनील पोखरेलसहितका कलाकारहरु गम्भीर मुद्रामा चित्रित छन् । मानवीय संवेदनाको कथामा फिल्म बनेको पोस्टरले संकेत गर्छ ।

फिल्ममा भोलाराज सापकोटा, विशाल पोखरेल र आयुषी ढकालको पनि अभिनय छ । मोबाइल दुर्व्यसनका कारण बालबालिकामा देखिने समस्या र त्यसले परिवार र समाजलाई पार्ने प्रभावको कथा फिल्मले भन्ने जनाइएको छ । निर्देशक भट्टराई 'झिल्को' बाल मनोविज्ञानमा आधारित पारिवारिक फिल्म रहेको दाबी गर्छन् ।

मिडिया फर कल्चरको प्रस्तुति रहेको फिल्मको पटकथा तथा संवाद निर्देशक भट्टराईसहित अरूणदेव जोशी र देवव्रतले तयार पारेका हुन् । यसका निर्माता सुशीला आचार्य र रामगोपाल थापा हुन् भने कार्यकारी निर्मातामा उमेश पौडेल रहेका छन् । फिल्ममा दीपक बज्राचार्यको छायांकन तथा चण्डीप्रसाद काफ्ले र दीपक शर्माको संगीत छ । निमेश श्रेष्ठले फिल्मलाई सम्पादन गरेका हुन् ।

# नेपालकी बुहारी बन्न लागेकी प्रजक्ता भन्छिन्, 'काठमाडौं मेरो मनपर्ने ठाउँ'

काठमाडौं / बलिउड अभिनेत्री तथा भ्लगर प्रजक्ता कोली लामो समयदेखि नेपाली युवक वृशांक खनालसँग प्रेम सम्बन्धमा छिन् । अघिल्लो वर्ष उनीहरुले काठमाडौंमा इन्गेजमेन्ट गरेका थिए । मुम्बई विश्वविद्यालयमा अध्ययन गर्ने क्रममा प्रजक्ता र वृशांकबीच प्रेम अंकुराएको थियो । करिब १३ वर्षदेखि प्रेम सम्बन्धमा रहेका उनीहरु अर्को वर्ष वैवाहिक जीवनमा बाँधिने तयारीमा रहेको जनाइएको छ ।



प्रेमी खनालसँग भेट्न नेपाल आइरहने गरेकी प्रजक्ताले काठमाडौं आफूलाई एकदमै मनपर्ने सहर रहेको बताएकी छन् । हालै भारतीय कमेडियन भारती सिंह र उनका श्रीमान् हर्ष लिम्बाचियाले सञ्चालन गर्ने पोडकास्टमा पुगेकी उनले काठमाडौंको खानादेखि मौसमसम्मको प्रशंसा गरिन् । उनले नेपालका मानिसहरु पनि एकदमै मायालु रहेको बताएकी छन् ।

उनले भनेकी छन्, 'काठमाडौं मेरो मनपर्ने ठाउँ हो । त्यहाँका मानिस, खाना, मौसम, सहर, संस्कृति एकदमै प्यारो छ । म दुई हप्ताअघि त्यहीं थिएँ ।' उनको कुराले भारतीका श्रीमान् हर्षले आफूलाई पनि काठमाडौं जाने इच्छा रहेको बताए । भारतीले भने धेरैअघि आफू नेपाल पुगेको स्मरण गरिन् । र, फेरि नेपाल जाने इच्छा व्यक्त गरेकी छन् । उनको नेपालसँग पुर्ख्यौली नाता छ ।

पोडकास्टमा प्रजक्ताले इन्गेजमेन्टको औंठी पनि देखाएकी छन् । त्यसपछि उनलाई भारतीले सोध्छिन्, 'मैले सुनेको तिम्रो हुनेवाला श्रीमान् नेपालको हुन् रे ?' प्रजक्ताले यसमा सत्यता रहेको बताइन् । उक्त पोडकास्टमा उनले वृशांकको स्वभावको पनि तारिफ गरेकी छन् । तर, आफूहरुको पेशा अलग रहेको उनको भनाई छ ।

'ऊ एकदमै सरल छ । राम्रो छ । तर, हामी दुवै पेशाले चाहिँ अलग छौं । ऊ कर्पोरेट लयर (वकिल) हो । इन्भेष्टमेन्ट बैंकमा काम गर्छ,' उनले वृशांकसँगको रिलेशनसिपबारे अगाडि भनेकी छन्, 'हामी १३ वर्षदेखि साथमा छौं । ऊसँग भेट हुँदा म भर्खर १८ वर्षकी थिएँ । र, वृशांक २२ वर्षको थियो । हामी चाँडै विवाह गर्ने सोचमा छौं ।'

प्रजक्ताले 'जुगजुग जियो', 'नियत' जस्ता हिन्दी फिल्म गरिसकेकी छन् । केही दिनअघि उनी अभिनीत वेब सिरिज 'मिसम्याच्ड'को तेस्रो सिजन नेटफ्लिक्समा रिलिज भएको छ । 'मस्टलीसेन'को रुपमा परिचित उनी चर्चित युट्युबर समेत हुन् । दैनिक जीवनलाई हाँस्य रूपमा प्रस्तुत गर्ने उनको शैलीलाई युट्युबमा निकै रुचाइन्छ । उनले रेडियो जकीको रुपमा करिअर सुरु गरेकी थिइन् ।

# होलीमा आउँदै सुशीलको 'आउट ल'

काठमाडौं / अभिनेता सुशील श्रेष्ठको चार वर्षपछिको कमब्याक फिल्म 'आउट ल: दफा २१९'को नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ । शुक्रबार निर्माताले एक पोस्टर सार्वजनिक गर्दै फागु पूर्णिमा (होली)को दिन पारेर आगामी फागुन २९ गतेबाट फिल्म रिलिज हुने जानकारी दिए । यसअघि गत असोज ३ गते फिल्म रिलिज हुने निश्चित थियो । तर, छायांकन नसकिँदा फिल्म प्रदर्शन हुन सकेन ।

नयाँ प्रदर्शन मितिसहित सार्वजनिक गरिएको पोस्टरमा सुशील चित्रित छन् । सुटबुटमा देखिएका उनी हातमा धारिलो हतियार लिएर सोफामा शान्त भावमा बसेका छन् । उनको आँखामा रिसको आवेग छ । अनुहारको एक भागमा रगतको छिर्का देखिन्छ । यसले उनको पात्र हिंसात्मक रहेको बुझाउँछ । पोस्टरमा उनलाई 'एक्सन स्टार'को ट्याग पनि दिइएको छ ।

विक्की महर्जनको निर्देशनमा तयार भएको फिल्ममा सुशीलसहित शिक्षा संग्रौला, नरेश पौडेल, सुमन भण्डारी, सोनी लगुन, हेम गुरुङ लगायतको अभिनय छ । अमित अग्रहरिको निर्माण रहेको फिल्मका कार्यकारी निर्माता विनोद कठायत हुन् । सह-निर्माताको रुपमा भने विकास चौधरी छन् । यसमा नविन गुरुङको डीओपी छ ।

एक्सन जनरामा निर्माण भएको फिल्ममा साहिल खानको सम्पादन, विक्की महर्जनको लेखन तथा चुल्ठे काजीको द्वन्द्व निर्देशन छ । फिल्मको एक्सन दृश्य खिच्न निर्माण टिमले ४० लाख खर्च गरेको जनाइएको छ । गत साउनमा रिलिज भएको टिजरले फिल्मको राम्रो हाइप बनाएको थियो । तर, रिलिज स्थगन हुँदा त्यो हाइप व्यर्थ बन्यो । यद्यपि, फिल्मप्रति दर्शकको अपेक्षा बढेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# क्षीरसागर दुग्ध सहकारीको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/हेटौंडा उपमहानगरपालिका-११, स्थित क्षीर सागर दुग्ध उत्पादक सहकारी संस्थाको शुक्रबार ११ औं वार्षिक साधारणसभा भएको छ । सभाको अवसरमा धेरै दुध विक्री गर्ने कृषक र दुध खरिद गर्ने व्यवसायीलाई पुरस्कृत गरिएको छ ।

पुरस्कृत हुनेमा पूर्णकुमारी बस्नेत, भीमसेन हुमागाई, गणेश पण्डित, उद्धवप्रसाद गजुरेललाई सहकारीले क्यान, प्रमाणपत्र र गाईको लागि क्याल्सियम प्रदान गरेको थियो । त्यस्तै, नियमित दुध खरिद गर्नेतर्फ उत्तमप्रसाद पण्डित, नवराज अर्याल, शेखरराज मैनाली, सुवास ढकाल, खमबहादुर जर्गामगर, दीलकुमारी थापा र रमा श्रेष्ठलाई कदरपत्र प्रदान गरिएको थियो । संस्थाका अध्यक्ष शालिकराम पुडासैनीको सभाध्यक्षता तथा बागमती प्रदेशका पूर्वसामाजिक सविकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा सभा भएको हो ।

सभामा पूर्वजिल्ला विकास समितिका सभापति रामेश्वर राना, वडा नम्बर ११ का वडाध्यक्ष जुना दाहाल, नवयूवा साकोसका अध्यक्ष फूलमान श्रेष्ठ, उपयोगी सहस्राब्दी साकोसका अध्यक्ष दिनेश विडारी, नवलपुर दुग्ध उत्पादक सहकारीका अध्यक्ष अर्जुन बर्तौला, टोल विकास वडा समन्वय समितिका अध्यक्ष यज्ञप्रसाद आचार्य, संस्थाका लेखा समितिका संयोजक कृष्णप्रसाद खनाललगायत विभिन्न संस्थाका प्रमुखको आतिथ्यता रहेको थियो ।

सहकारीले आव २०८०/८१ मा एक लाख ९८ हजार लिटर दुध खरिद, विक्री गरेको संस्थाका व्यवस्थापक देवकुमार श्रेष्ठले बताए । एक करोड ९८ लाख २२ हजार ४४ रुपैयाँको दुध तथा ढुटोचोकर विक्रीबाट आम्दानी भएको बताउँदै व्यवस्थापक श्रेष्ठले खरिदतर्फ एक करोड ७८ लाख ६९ हजार ७०२ रुपैयाँ लागत लागेको बताए ।

पाँच लाख ६९ हजार ९ सय शेयरपुँजी रहेको सहकारीमा १४ लाख २४ हजार ४६५ रुपैयाँ जगेडा कोषमा रहेको छ ।

# उसु संघको अध्यक्षमा पुन: बज्राचार्य

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/मकवानपुर उसु संघको अधिवेशन सम्पन्न भएको छ । विहीबार हेटौंडामा संघको छैटौं अधिवेशन सम्पन्न भएको हो ।

अधिवेशनले पुन: ज्योतिरत्न बज्राचार्यको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति चयन गरेको छ । जसमा, उपाध्यक्षमा गंगा पौडेल, सचिवमा बिश्वनाथ पाठक र कोषाध्यक्षमा उज्वलराज शाक्यलगायतको पदाधिकारी चयन भएका छन् । अधिवेशनबाट लक्ष्मण अधिकारि, बिनोद अर्याल, हरि श्रेष्ठ, सुश्मा दुवाडी र जयराम रखालमगर कार्यसमिति सदस्यमा चयन भएका हुन् । कार्यक्रम संघका अध्यक्ष बज्राचार्यको सभाध्यक्षता एवम् बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

# बिरुले ल्याइन् ‘सल्लाहले मान्छेउ की’ सेलो गीत




साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/मकवानपुरका गायक तथा नायक बिरु घलानको ‘सल्लाहले मान्छेउ की’ तामाङ सेलो गीतको अडियो सार्वजनिक भएको छ ।

शुक्रबार दिउँसो १२ बजे ‘साम्तेन मोक्तान अफिसियल युट्युब च्यानल’ मार्फत घलानले आफ्नो गीतको अडियो सार्वजनिक गरेका हुन् । मकवानपुरे कलाकार घलान र तामाङ सेलोकी चर्चित गायिका सुमिना लोको स्वरमा रहेको गीतको एरेन्ज सानुबाबु घिसिङले गरेका छन् । साम्तेन मोक्तानको शब्द र संगीतमा रहेको गीत फ्याफुल्ला स्टुडियोमा रेकर्डिङ गरिएको कलाकार घलानले जानकारी दिए ।

केही महिनाअघि मात्र सार्वजनिक भएको तामाङ हृवाइरी स्याई साइली सेलो गीतको अपार सफलतापछि यसपटक पनि सेलो गीत नै ल्याइएको घलानले बताए । गीतलाई युट्युबमा लाखौंले हेरेका छन् । राम्रो शब्द र संगीतसहित गायिका सुमिनासँगको संयुक्त आवाजमा रहेको यस सेलो गीतले राम्रो माया पाउनेमा घलान विश्वस्त छन् ।

यस्तै, गीत तयार पार्न महत्वपूर्ण भूमिका रहेको भन्दै आफ्ना सहकर्मी माया घलान, गजेन्द्रनारायण यादव, आकाश बलामी, अच्युत अधिकारी, सम्भु लामा, रमेश तामाङ, निर्माण लामा, विमल बोहोरा, गणेश काफ्ले, राजकुमार आलेमगर, विशाल आलेमगर र सुजन तामाङ लगायतलाई घलानले सम्झिए ।

# हेटौंडा सिमेन्ट उद्योगले १३ पुसबाट उत्पादन थाल्ने



साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग लिमिटेडले पुस १३ गतेबाट सिमेन्ट उत्पादन सुरु गर्ने तयारी गरेको छ । उद्योगको उपकरण मर्मतको काम सकिन लागेकाले पुस १३ गतेबाट उत्पादन सुरु गरिने उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले जानकारी दिए ।

उपकरणको मर्मतकार्य पुसको १० गतेसम्ममा सकिने र त्यस लगत्तैबाट उत्पादन गर्ने तयारीमा रहेको उनले बताए । ‘उद्योगको क्लिङ्कर मेसिनलगायत उपकरणको मर्मतकार्य अझै भइरहेको छ’, अध्यक्ष भण्डारीले भने, ‘हामीले तिहारसम्ममा मर्मत सकिन्छ र त्यस लगत्तै पुन: सिमेन्ट उत्पादको कार्य सुरु गर्ने अनुमान गरेका थियौं तर, उपकरण मर्मतको काम नसकिएकाले उद्योग सञ्चालन गर्न समय लागेको हो ।’

उपकरणको मर्मत गर्नुपर्ने भन्दै उद्योग व्यवस्थापनले गत असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो । उद्योगको उपकरण बनाउन भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले मर्मत सम्भारमा समय लागेको उनले बताए । ‘हामीसँग कच्चापदार्थको कुनै अभाव छैन’, अध्यक्ष भण्डारीले भने, ‘उद्योगलाई चाहिने करिब ४०० मेट्रिकटन कोइला मौज्दात छ ।’

थप कोइला खरिदको प्रक्रिया अघि बढिसकेकाले कोइलाको समस्या नहुने उनको भनाइ छ । आर्थिक अभावका कारण यसअघि दुई महिना उद्योग बन्द भएको थियो । यसअघि भदौ महिनाको तेस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गरेको उद्योगले यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको अध्यक्ष भण्डारीले बताए । वि.सं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उद्योगले विसं २०४३ देखि सिमेन्टको व्यवसायिक उत्पादन सुरु गरेको थियो ।

## क्रिकेट हेर्न जानेको पार्किङ शुल्क विवाद :

# त्रिविको प्रिन्सिपल कार्यालयमा ताला

काठमाडौं, ५ पुस/विद्यार्थी संगठनहरूले गेटमा ताला लगाएपछि त्रिभुवन विश्वविद्यालय क्याम्पसका प्रिन्सिपल ध्यानेन्द्र राई कार्यकक्षमा छिर्न पाएका छैनन् । त्रिवि मैदानमा भइरहेको क्रिकेट प्रतियोगिताको पार्किङ शुल्कको विषयलाई लिएर पाँच वटा विद्यार्थी संगठनले कार्यालयमा ताला लगाएका हुन् । शुक्रबार दिउँसो कार्यालयको प्राङगणबाटै सेवा प्रवाह गरिरहेका थिए उनी। ‘बाहिरै बसेका छौँ । भित्र छिर्न पाएको छैन। बाहिर बसेर के काम हुन्छ र,’ प्रिन्सिपल राईले भने ।



त्रिविको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)ले एनपीएलको पहिलो दिन पार्किङबाट अपारदर्शी ढंगले शुल्क उठाएको आरोप लगाउँदै छानबिनको माग राखेर पाँच वटा विद्यार्थी संगठनले २५ मंसिरमा ताला लगाएका हुन् ।

ताला लगाउनेमा अखिल क्रान्तिकारी, अनेरास्ववियु, अखिल छैठौं, अखिल समाजवादी, नेपाल समाजवादी विद्यार्थी युनियन रहेका छन् । माओवादी, नेकपा एस लगायतका विद्यार्थी संगठन हुन्। यही विषयमा प्रिन्सिपल कार्यालयसँगै स्ववियूको कार्यालय र रजिस्ट्रार कार्यालय अन्तर्गतको सामान्य प्रशासन महाशाखामा पनि ताला लगाइएको छ ।

‘प्रन्सिपल कार्यालय र महाशाखाले पार्किङको व्यवस्थापनको जिम्मा स्ववियूलाई दिएको रहेछ। स्ववियू र विद्यार्थी संगठनको बदानम हुनेगरी पार्किङ शुल्क उठाएपछि छानबनि समिति बनाउन माग राखोका थियौं । माग सम्बोधन नभएपछि ताला लगाएका हौँ,’ त्रिवि अखिल क्रान्तिकारीका अध्यक्ष दिनेश ऐरले भने । पार्किङको व्यवस्थापन गर्न स्ववियुलाई अनुमति दिएको तर शुल्क उठाउने विषयमा केही नभनेको तर्क प्रिन्सिपल कार्यालयको छ। ‘शुल्कबारे केही भनेको छैन । तर, शुल्क लिएको कुरा आएपछि विद्यार्थी संगठनहरूले ताला लगाउनु भयो,’ प्रिन्सिपल राईले भने ।

स्ववियु र विद्यार्थी संगठनले नि:शुल्क पार्किङ गर्न प्रस्ताव राखे पनि स्ववियुका पदाधिकारीको मिलिमतोमा पहिलो दिन पार्किङ शुल्क उठाएको ऐरको आरोप छ । ‘कारको १००, बाइकको ५० र हेल्मेटको ३० को दरले शुल्क उठाएकाले सो रकम विश्वविद्यालयलाई फिर्ता गर्नुपर्छ । कति उठाएको हो त्यसको छानबिन गर्न माग गरेका छौँ,’ उनले भने, ‘स्ववियुको गरिमामा आँच पुगेको छ । स्ववियुले आधिकारिक निर्णय नगरी शुल्क उठाएको हो,’ ऐरले भने ।

स्ववियु सचिव सिद्धान्त भट्टसहित १३ सदस्यले विज्ञप्ति नै निकालेर स्ववियुमा आधिकारिक निर्णय नभएको बताएका छन् । ‘पार्किङ शुल्क उठाउने निर्णय स्ववियुमा भएको छैन,’ सचिव सिद्धान्त भट्टले भने । शुल्कको विषयमा विरोध भएपछि स्ववियु सभापति श्यामराज ओझले दोस्रो दिनबाट पार्किङ शुल्न नउठाउने भनेर विज्ञप्ति निकाले ।

‘विद्यार्थीहरुले पढ्दै कमाउँदै गर्ने ‘इन्टर्नसिप कन्सेप्ट’लाई प्रोत्साहन गर्ने मनसायका साथ क्याम्पसमा नियमित अध्ययनरत विद्यार्थीहरुले गरिरहेको सो पार्किङ व्यस्थापनलाई नि:शुल्क बनाउन आएको सुझावलाई मनन् गरी स्ववियुका साथीहरु र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुले स्वयम्सेवकको भूमिका निर्वाह गर्दै नि:शुल्क पार्किङ गरिने कुरा सबैमा सूचित गरिन्छ,’ विज्ञप्तिमा भनिएको छ ।

स्ववियु उपसभापति अनोज कार्की पार्किङ शुल्क स्ववियुले नउठाएको दाबी गर्छन् । ‘प्रिन्सिपल कार्यालयसँग मौखिक कुरा गरेर विश्वविद्यालयमै पढ्ने विद्यार्थीले व्यवस्थापन गर्ने भनेर गरेको हो । यसमा स्ववियु संलग्न छैन । केही विद्यार्थीले पहिलो दिन शुल्क उठाएको भन्ने कुरा आएको छ,’ कार्कीले भने । त्रिविका पदाधिकारीले शुल्क नउठाएको उनको जिकिर छ ।

तर पाँच विद्यार्थी संगठनले पहिलो दिन उठाएको शुल्क फिर्ता गर्नुपर्ने माग गरेको छ। ‘पहिलो चरणमा ज्ञापनपत्र बुझाएर तीन दिनको समय दिँदा पनि सम्बोधन भएन । छानबिन समिति बनेको छैन,’ उनले भने । प्रिन्सिपल राई भने स्ववियुसँग नै छलफल गर्न आन्दोलनरत विद्यार्थीलाई भनिरहेका छन्। ‘समिति बनाउनुको औचित्य छैन। स्ववियुमा सबै संगठनका सदस्य छन् । स्ववियुबाट नै समाधान गर्न भनेका छौँ,’ उनले भने ।

# चित्लाङ-थानकोट सडक एक महिनालाई बन्द

साझाकुरा संवाददाता

हेटौंडा, ५ पुस/काठमाडौं-हेटौंडा जोड्ने थानकोट-चन्द्रागिरि-चित्लाङ सडकखण्ड आइतबारबाट एक महिनाका लागि बन्द हुने भएको छ । यो सडक खण्डअन्तर्गत पर्ने पानीघाटदेखि चन्द्रागिरि भन्ज्याङसम्म सडकको मर्मतसम्भार गर्ने भएकाले एक महिनासम्म सवारी आवागमन बन्द गर्न लागिएको हो ।



सडक डिभिजन कार्यालय काठमाडौंले बिहीबार सूचना जारी गर्दै सडक स्तरोन्नतिका लागि पुस ७ गते अर्थात् आइतबारदेखि माघ ६ गतेसम्म पूर्णरुपमा बन्द गरिने जानकारी गराएको छ । यो अवधिभर वैकल्पिक सडकको प्रयोग गर्न कार्यालयले अनुरोध गरेको छ ।

‘यस कार्यालयअन्तर्गत थानकोट-चित्लाङ सडक स्तरोन्नतिका लागि सडकको पानीघाटदेखि चन्द्रागिरि भन्ज्याङसम्मको सडकखण्ड पुस ७ गतेदेखि माघ ६ गतेसम्म पूर्णरुपमा बन्द हुने भएकोले यो अवधिभर वैकल्पिक सडकको प्रयोग गर्न हुन जानकारी गराइन्छ’, सूचनामा उल्लेख छ । सडक विभागले यो सडक बन्द गर्ने सूचना जारी गरेपछि मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले सडक सुधारको नाममा विश्व विद्यालयको पठनपाठनमै असर पर्ने जनाएको छ ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


## मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडाको

## शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/०६)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाको लागि निम्न पदहरु करारमा पूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको मिति २०८१/०८/२७ गतेको निर्णयानुसार देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाण पत्रका प्रतिलिपि र एक प्रति फोटो सहित स्वहस्तलिखित दरखास्त (कार्यालय समयभित्र) आव्हान गरिएको छ ।

विज्ञापन नं. : ७/२०८१/२०८२
विषय : गणित (Mathematics)
पद : सहायक प्राध्यापक (पूर्णकालीन करार)
संख्या : १ (एक)
न्यूनतम योग्यता : गणित विषय लिई एम.ए. वा एम.एस्सी. तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ ।
छनौट विधि : लिखित, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
पारिश्रमिक : क्याम्पसको नियमानुसार ।
दरखास्त दस्तुर : रु. ५००।- (पाँच सय) मात्र ।

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा**

सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२

## हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

हेटौंडा उपमहानगरपालिकाको आयोजनामा तपशिलका स्थान, मिति र समयमा व्यवसाय शिविर सञ्चालन हुन गइरहेकोले व्यवसाय दर्ता, नवीकरण तथा घरभाडा तिर्न घरधनीहरुलाई आवश्यक कागजपत्र संलग्न राखी निम्न तालिकाबमोजिम आफ्नो वडा कार्यालयमा गई व्यवसाय सम्बन्धी सुविधा लिनहुन अनुरोध छ ।

**व्यवसाय शिविरको तालिका :**

**समय:** बिहान ८ वजेवाट **मिति:** २०८१ पौषदेखि माघ मसान्तसम्म

| क्र.स. | वडा नम्बर | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | १८ | २०८१।०९।०७ र ०८ गते | वडा कार्यालय, हर्नामाडी | |
| २ | १७ | २०८१।०९।०९ र ११ गते | वडा कार्यालय, हटिया | |
| ३ | १६ | २०८१।०९।१२ र १४ गते | वडा कार्यालय, चिसापानी | |
| ४ | ०६ | २०८१।०९।१६ र १७गते | वडा कार्यालय, चौघडा | |
| ५ | ०७ | २०८१।०९।१८ र १९ गते | वडा कार्यालय, नागसोती | |
| ६ | ०८ | २०८१।०९।२१ र २२ गते | वडा कार्यालय, कमाने | |
| ७ | १५ | २०८१।०९।२३ र २४ गते | वडा कार्यालय, रातोमाटे | |
| ८ | १४ | २०८१।०९।२५ र २६ गते | वडा कार्यालय, मयुरधाप | |
| ९ | १३ | २०८१।१०।०२ र ०३ गते | वडा कार्यालय, पदमपोखरी | |
| १० | १२ | २०८१।१०।०४ र ०६ गते | वडा कार्यालय, पान्तले हात्तीगौडा | |
| ११ | ०९ | २०८१।१०।०७ र ०८ गते | वडा कार्यालय, लामसुरे | |
| १२ | १० | २०८१।१०।०९। र १० गते | वडा कार्यालय, बसपार्क | |
| १३ | ०१ | २०८१।१०।११ र १३ गते | वडा कार्यालय, चाईनाक्वाटर | |
| १४ | ११ | २०८१।१०।१४ र १५ गते | वडा कार्यालय, नवलपुर | |
| १५ | ०३ | २०८१।१०।२० र २१ गते | वडा कार्यालय, वसामाडी | |
| १६ | १९ | २०८१।१०।२२ र २३गते | वडा कार्यालय, बस्तिपुर | |
| १७ | ०४ | २०८१।१०।२४ र २५ गते | वडा कार्यालय, हुप्राचौर शितलमहलचोक | |
| १८ | ०५ | २०८१।१०।२७ र २८ गते | वडा कार्यालय, सानोपोखरा | |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना